**नेपाली / *NEPALI***

**संघीय अध्यागमन गतिविधि प्रतिको मार्गदर्शन**

अपडेट गरिएको 2/17/26

*UW–Madison ले यस जानकारी पुरानो मार्गदर्शनको अपडेट र क्याम्पस समुदायलाई सकेसम्म सूचित राख्ने आफ्नो निरन्तर प्रतिबद्धताको हिस्साको रूपमा प्रदान गर्दैछ।*

**संघीय अध्यागमन गतिविधि प्रतिको मार्गदर्शन**

*UW–Madison* क्याम्पस सञ्चालन र विश्वविद्यालयको शिक्षा, अनुसन्धान तथा आउटरिच उद्देश्यहरू जसमा विद्यार्थीहरूको शिक्षामा पहुँच गर्ने क्षमता पनि समावेश छ सो उद्देश्यहरूलाई कुनै अवरोध बिना सहज बनाउने सुरक्षित र समावेशी वातावरण कायम राख्न प्रतिबद्ध छ।

विश्वविद्यालय कानून अन्तर्गत विद्यार्थी, संकाय र कर्मचारीहरूको गोपनीयता र अधिकारको रक्षा गर्ने वातावरण बनाउन प्रयासरत छ।

आफ्ना विद्यार्थी, संकाय र कर्मचारीहरूको अध्यागमन स्थितिको बारेमा जानकारी कानूनद्वारा आवश्यक परेमा मात्र विश्वविद्यालयले प्रदान गर्दछ।

कानूनी मामिला कार्यालय, *UW–Madison* प्रहरी विभाग (*UWPD*), अन्तर्राष्ट्रिय विभाग र विश्वविद्यालय सम्बन्ध लगायत क्याम्पसका अगुवाहरूले *UW–Madison* का विद्यार्थीहरू र कर्मचारीहरूलाई असर गर्न सक्ने संघीय अध्यागमन नीतिहरू र प्रवर्तनको नजिकबाट निगरानी राख्न जारी राखेका छन्।

**यदि तपाईंसँग यस जानकारीसँग सम्बन्धित प्रश्नहरू छन् भने, रणनीतिक सञ्चार कार्यालयलाई contact.strategiccommunication@wisc.edu मा इमेल पठाउनुहोला।**

**धेरै सोधिएका प्रश्नहरू**

**जनसुरक्षा**

**आपत्कालिन अवस्थामा मैले कसलाई सम्पर्क गर्नु?**

कुनै पनि आपत्कालिन अवस्थामा, *UWPD* वा 911 लाई (608) 264-2677 मा फोन गर्नुहोला।

**अध्यागमन कानूनको कार्यान्वयन सम्बन्धी संघीय एजेन्सीहरूको कार्यमा *UWPD* ले कस्तो भूमिका खेल्छ ?**

*UWPD* सँग अध्यागमन प्रवर्तनसँग सम्बन्धित विधि र अभ्यासहरू छन् र यस संस्थाका अधिकारीहरूले अध्यागमन कानूनको शंकास्पद उल्लङ्घनको आधारमा मात्र कुनै व्यक्तिलाई हिरासतमा लिने वा पक्राउ गर्ने छैनन् र नियमित रूपमा कुनै व्यक्तिको अध्यागमन स्थितिको बारेमा सोधपुछ गर्ने छैनन्।

**के *UWPD* ले संघीय अध्यागमन प्रवर्तन कार्यहरूमा भाग लिनेछ ?**

लिनेछैन। *UWPD* ले संघीय अध्यागमन प्रवर्तन कार्यहरूमा भाग लिनेछैन। संघीय एजेन्टहरू क्याम्पसमा छन् र प्रवर्तन सम्बन्धित मुद्दाहरूको बारेमा व्यक्तिहरूलाई सम्पर्क गर्न चाहन्छन् भने उनीहरूले उपयुक्त कानूनी प्रक्रियाहरू प्रयोग गर्नुपर्दछ। लिनेछैन।

**के कुनै व्यक्तिको अध्यागमन स्थितिले *UWPD* ले प्रदान गर्ने जनसुरक्षा सेवाहरू तरिकालाई असर गर्दछ ?**

गर्नेछैन। कुनै व्यक्तिको अध्यागमन स्थितिले *UWPD* ले क्याम्पस र सामुदायिक सुरक्षा सम्बन्धित सेवाहरू प्रदान गर्नेछ कि गर्दैन भन्ने कुरा तय गर्दैन र यदि कुनै व्यक्ति गम्भीर अपराधहरूमा संलग्न छन् भने मात्र यो सान्दर्भिक हुनेछ। कुनै व्यक्तिको अध्यागमन स्थितिले *UWPD* मा प्रहरी रिपोर्ट दर्ता गर्ने क्षमतालाई असर गर्दैन।

**क्याम्पसमा संघीय कानून प्रवर्तन देखिएमा के विश्वविद्यालयले *WiscAlerts* वा अन्य कुनै सूचना जारी गर्नेछ ?**

विश्वविद्यालयले संघीय वा अन्य कानून प्रवर्तन उपस्थितिको बारेमा क्याम्पसलाई सूचित गर्न नियमित रूपमा *WiscAlerts*, *UW–Madison* को आपत्कालिन सूचना प्रणाली, चलाउँदैन।

*WiscAlerts* को अनुमतियोग्य प्रयोग संघीय कानून र नियमहरूद्वारा परिभाषित गरिएको छ।

*WiscAlerts* को उचित प्रयोगमा समावेश छन्: सक्रिय क्षति (जस्तै, बन्दुकधारी) भएमा, एकदमै धेरै र गम्भीर खतरनाक सामग्रीहरू पोखिएमा, क्याम्पसको कुनै भाग बन्द भएमा, क्याम्पस पूर्वाधारमा महत्त्वपूर्ण अवरोध आएमा, बेग्ला बेग्लै भवनहरू बन्द भएमा, क्याम्पस वरपर ठूलो मात्रामा आम हताहत हुने प्रकोप वा सक्रिय आँधीबेहरीको चेतावनी आएमा।

कानून बमोजिम र क्याम्पस नीतिको अनुपालन बाहेकका अन्य प्रणाली चलाउँदा विश्वविद्यालयलाई संघीय अनुसन्धान र ठूलो दण्डको सामना गर्नुपर्ने हुन सक्छ।

यदि कुनै घटना क्याम्पसका विद्यार्थी वा कर्मचारीहरूको स्वास्थ्य वा सुरक्षाको लागि तत्काल खतरा बन्छ भने, *WiscAlert* जारी गर्न सकिन्छ।

**मैले क्याम्पसमा संघीय एजेन्टहरू देखें भने के मैले *UWPD* लाई फोन गर्नुपर्छ ?**

क्याम्पसमा संघीय कानून प्रवर्तन देखिएमा वा उनीहरूले पक्राउ गरेमा 911 वा *UWPD* को गैर आपत्कालिन लाइनमा फोन गर्न आवश्यक पर्दैन जबसम्म तलका मध्ये कुनै एक मापदण्ड लागू हुँदैन:

- तपाईंको वा अरू कसैको भौतिक सुरक्षा तत्काल खतरामा छ।
- नागरिक अव्यवस्था वा हिंसाको सम्भावना छ।
- सम्पत्तिको विनाश भइरहेको छ।

**क्याम्पस परिसर वा कार्यस्थलमा संघीय कानून प्रवर्तन अधिकारी मेरो सामु आएमा मैले कसलाई फोन गर्नुपर्छ ?**

यदि संघीय कानून प्रवर्तन अधिकारी क्याम्पस परिसर वा काम गर्ने ठाउँमा तपाईंको सामु आएमा, तुरुन्तै कानूनी मामिलाका कार्यालयलाई (608) 263-7400 मार्फत सम्पर्क गर्नुभएर एकजना अधिवक्तासँग कुरा गर्न सोध्नुहोला। *OLA* को फोन चौबिसै घण्टा, सातै दिन उठाइन्छ। *OLA* ले तुरुन्तै *UWPD* लाई खबर गर्नेछ। यस्ता घटना प्रतिका थप विवरण तलको खण्डमा दिइएको छ।

**क्याम्पस बाहिरका क्षेत्रका लागि म्याडिसन प्रहरी विभागले अध्यागमन सम्बन्धी कस्ता नीतिहरू पालना गर्छन् ?**

म्याडिसन प्रहरी विभागले भन्छन् कि "*MPD* को उद्देश्य विवरण, दृष्टि विवरण, मुख्य मान्यताहरू र सञ्चालन प्रणालीहरूको सन्दर्भमा व्यक्तिको अध्यागमन स्थिति अर्थहीन हुन्छ। अध्यागमन स्थिति तब मात्र सान्दर्भिक हुन्छ जब कुनै अधिकारीले उचित रूपमा विश्वास गर्छन् कि कुनै एक व्यक्तिले जनसुरक्षासँग प्रत्यक्ष रूपमा सम्बन्धित गम्भीर अपराधहरू गरेका छन्।" *MPD* ले यस मुद्दामा आफ्नै नीतिहरू पोस्ट गरेको छ।

**क्याम्पसका ठाउँहरूमा संघीय कानून प्रवर्तनको पहुँच**

**के विश्वविद्यालयले संघीय कानून प्रवर्तन एजेन्सीहरूलाई क्याम्पसमा आउन निषेध गर्न सक्छ ?**

सामान्यतया, सक्दैन। त्यहिपनि, संघीय एजेन्टहरू सार्वजनिक ठाउँहरूमा मात्र जान सक्छन्; सीमित पहुँच हुने क्षेत्रहरूमा पहुँचको लागि खोजी वारेन्ट आवश्यक पर्दछ।

**यदि कुनै सरकारी एजेन्ट क्याम्पस परिसर वा कार्यस्थलमा आए भने मैले के गर्नुपर्छ ?**

तल देखाइएको धेरै कदमहरू चाल्न सकिन्छ।

- शान्त र नम्र रहनुहोला। आफूलाई चाहिने समय लिनुभएर के जवाफ दिने सोच्नुहोला।
- एजेन्टलाई उनीहरूको नाम र सरकारी ब्याज देखाउन सोध्नुहोला। तपाईंले नसोधी एजेन्टले ब्याज देखाउन सक्छन्। यदि देखाएनन् भने, सोध्नु तपाईंको अधिकार हो।
- ब्याज हेर्नुभएर एजेन्टको पहिचान र एजेन्सी पुष्टी गर्नुहोला अनि क्याम्पसमा एजेन्टहरू किन आएका छन् सोध्नुहोला यदि सो जानकारी साझा गरिसकेका छैनन् भने।

- एजेन्टलाई प्रतीक्षा कक्ष वा लबीमा बस्न अनुरोध गर्नुहोला। यदि त्यस्तो ठाउँ छैन भने, तपाईं आफूले उपयुक्त व्यक्ति भेट्टाउने क्रममा उनीहरूलाई नम्र तरिकाले जहाँ छन् त्यहीँ एकछिन पर्खन सोध्नुहोला।
- कानूनी मामिलाका कार्यालयलाई 608-263-7400 मार्फत सम्पर्क गरेर एकजना अधिवक्तासँग कुरा गर्न सोध्नुहोला। *OLA* को फोन चौबिसै घण्टा, सातै दिन उठाइन्छ। अधिवक्तालाई निम्न जानकारी बताउनुहोला: "एक विभागको एकजना एजेन्ट तपाईंसँग केही कुरा गर्न चाहनुभएको छ।" कानूनी मामिलामा म्यासेज नछोड्नुहोला, मान्छेले उठाउने चयन रोज्नुहोला।
- यदि कानूनी मामिलामा कोही पनि उपलब्ध नभएमा, एजेन्टलाई अहिले कोही पनि उपलब्ध नभएको बताउनुहोला। सो एजेन्टलाई अरू कुनै समयमा फर्कन सोध्नुहोला।
- एजेन्टलाई कुनै पनि कागजी फाइल वा कुनै पनि कम्प्युटर प्रणालीमा पहुँच नदिनुहोस्। एजेन्टहरू तपाईंको कार्यस्थलको कुनै पनि सार्वजनिक क्षेत्रमा आउन सक्दछन् तर गैर सार्वजनिक क्षेत्रमा जान एउटा मान्य खोज वारेन्ट लिएर आउनुपर्दछ।

## यदि एजेन्टहरू कुनै विद्यार्थी कर्मचारी सामु आए भने के गर्नुपर्छ ?

यदि एजेन्ट विद्यार्थी कर्मचारी सामु आउँछन् भने, सो विद्यार्थी ले तुरुन्तै आफ्नो सुपरभाईजरलाई बोलाउनुपर्दछ। यदि सुपरभाईजर उपलब्ध छैनन् भने, विद्यार्थी कर्मचारीले कुनै विभागीय मानव संसाधन (*HR*) प्रतिनिधि लाई सम्पर्क गर्नुपर्दछ। त्यसपछि सुपरभाईजर वा प्रतिनिधिले कुराकानीको जिम्मेवारी लिनुपर्दछ। यो सजिलो बनाउनका लागि सबै युनिटहरूले उपयुक्त सम्पर्क जानकारी उपलब्ध गराउनुपर्दछ।

## मैले *OLA* लाई फोन गरेपछि के हुन्छ ? के *OLA* को प्रतिनिधिले संघीय एजेन्टसँग कुरा गर्नेछन् ?

फोन उठाउने अधिवक्ताले फोन गर्ने व्यक्तिलाई के भयो विवरणमा बताउन र कर्मचारीलाई प्रदान गरिएको वारेन्ट वा अन्य कुनै कानूनी कागजातमा लेखेको कुरालाई साझा गर्न सोध्नेछन्।

## यदि संघीय एजेन्टले मेरो अनुरोधलाई बेवास्ता गरे भने के हुन्छ ?

यदि एजेन्टहरूले तपाईंको निर्देशन वा अनुरोधहरूको वास्ता गरेनन् भने, उनीहरूलाई नरोक्नुहोला।

यदि एजेन्टहरूले वारेन्ट देखाए या नदेखाएपनि क्याम्पसमा तपाईं वा अरूहरूका निर्देशनका पालना नगरी केही गरे भने, तपाईंले उनीहरूले केही गर्न खोजेका छन् भने रोक्न खोज्नुहुँदैन किनकी कानूनी प्रवर्तन गतिविधिलाई रोक्न खोजे वा हस्तक्षेप गर्न खोजे अपराध मानिन सक्छ।

## सार्वजनिक र गैर सार्वजनिक क्षेत्रहरू

### *UW* का कार्यस्थलहरूमा कुन क्षेत्रहरू पहुँचयोग्य हुन्छन् ?

एजेन्टहरू तपाईंको कार्यस्थलको कुनै पनि सार्वजनिक क्षेत्रमा आउन सक्दछन् तर गैर सार्वजनिक क्षेत्रमा जान एउटा मान्य खोज वारेन्ट लिएर आउनुपर्दछ। कर्मचारीहरूले कानून प्रवर्तन एजेन्टलाई यसो भन्न सक्छन्, "तपाईंलाई प्रवेश गर्न अनुमति दिन वा मैले कानूनी कागजातहरू स्वीकार्न म अधिकृत छुइन," अनि माथि निर्देशन दिइए अनुसार कानूनी मामिला कार्यालयलाई सम्पर्क गर्नुहोला।

### सार्वजनिक क्षेत्र भन्नाले के बुझिन्छ ?

सार्वजनिक संस्थाको रूपमा, क्याम्पस भित्रका धेरै क्षेत्रहरू र यसका परिसरहरू सर्वसाधारणहरूका लागि खुला हुन्छन्। सामान्यतया, संघीय कानून प्रवर्तन अधिकारीहरूलाई विशेष अनुमति बिना सार्वजनिक ठाउँहरूमा जान कानूनद्वारा अधिकृत गरिन्छ। सार्वजनिक क्षेत्रहरूमा फुटपाथ; घाँसे क्षेत्र; पार्किङ्ग लटहरू र ग्यारेजहरू; अनि लबी, प्रतीक्षालय, वा हलवे क्षेत्रहरू समावेश हुन सक्छन् जुन सर्वसाधारणहरूका लागि खुला छन्। क्याम्पस पुस्तकालयहरू र संग्रहालयहरू जुन सर्वसाधारणहरूका लागि खुला छन् तिनीहरूलाई पनि सामान्यतया सार्वजनिक क्षेत्र मानिन्छ। क्याम्पस कार्यक्रमहरू, जस्तै लेक्चर, फोरम र प्रदर्शनहरू जुन निःशुल्क र सर्वसाधारणहरूका लागि खुला हुन्छन्, वा विस्कन्सिन खुला बैठक कानूनको अधीनमा रहेका बैठकहरू पनि सामान्यतया सार्वजनिक क्षेत्र मानिन्छन्।

### सीमित पहुँच क्षेत्र वा गैर सार्वजनिक क्षेत्रहरू के हुन् ?

विश्वविद्यालयका केही क्षेत्रहरू, जस्तै संकाय, कर्मचारी र विद्यार्थी कार्यालयहरू; बसोबास गर्ने हलहरू; प्रयोगशालाहरू र साँचो वा कार्डहरूले मात्र खोल्न मिल्ने क्षेत्रहरू, अनुमति बिना सर्वसाधारणहरूका लागि खुला हुँदैनन्।

कक्षाहरू सञ्चालन हुने क्रममा कक्षाकोठाहरू पनि सीमित पहुँच क्षेत्रहरू हुन्छन्, यदि कक्षाकोठामा सर्वसाधारणहरूका लागि खुला कार्यक्रम आयोजना भएको छैन भने। अन्य सीमित पहुँच क्षेत्रहरूमा कर्मचारी वा कर्मचारीले अनुरक्षण गर्ने व्यक्तिहरूको लागि मात्र उपलब्ध क्षेत्रहरू, प्रवेशको लागि टिकेट आवश्यक पर्ने कार्यक्रमहरू आयोजना गर्ने क्षेत्रहरू, विश्वविद्यालयका बिरामी वा अनुसन्धान सहभागीहरूका लागि मात्र उपलब्ध क्षेत्रहरू, निजी वा विश्वविद्यालयको स्वामित्वमा रहेका सवारीसाधनहरू अनि अन्य क्षेत्रहरू समावेश हुनेछन् जबसम्म ती ठाउँहरूमा गोपनीयताको उचित अपेक्षा हुन्छ।

सामान्यतया, संघीय कानून प्रवर्तन अधिकारी अनुमति बिना सीमित पहुँच क्षेत्रहरूमा प्रवेश गर्न सक्दैनन् जबसम्म सो अधिकारीले मान्य खोजी वारेन्ट प्रस्तुत गर्दैनन् वा जरुरी परिस्थितिहरू आइपर्दैनन्।

### मान्य वारेन्ट भनेको कस्तोलाई बुझिन्छ ?

मान्य वारेन्टमा न्यायाधीशको हस्ताक्षर र मिति लेखेको हुनुपर्छ। यसमा खोजी गर्नुपर्ने अवधि, खोजी गरिने परिसरको विवरण साथै खोजी र जफत गरिने वस्तुहरूको सूची (जस्तै, तलब रेकर्ड, कर्मचारी पहिचान कागजातहरू, आदि) समावेश हुनेछ।

**के म हुने ठाउँमा वा मेरो भवनको ढोकामा "निजी" वा "विश्वविद्यालयका कर्मचारीहरू मात्र" वा यस्तै लेखिएको केही चिन्ह राख्न सक्छु ?**

विश्वविद्यालयले सार्वजनिक र गैर सार्वजनिक क्षेत्रहरू राम्रोसँग छुट्टाउने तरिकाहरू खोजिरहेको छ र यी प्रयासहरू बनाईदै जाँदा थप जानकारी साझा गरिनेछ।

परिसर योजना तथा व्यवस्थापन वा भवन प्रबन्धकहरू जस्ता अधिकृत विश्वविद्यालय अधिकारीहरूले मात्र क्याम्पस भवनहरू भित्र सीमित पहुँचका साइनहरू टाँस्न पाउँछन्। क्याम्पस परिसरहरूका बाहिरी ढोकाहरूमा साइनबोर्डहरू राख्न मिल्दैन।

**के कुनै विद्यार्थीले संघीय कानून प्रवर्तन एजेन्टलाई वारेन्ट बिना बसोबास गर्ने हलका कोठामा प्रवेश गर्न अनुमति दिन अस्वीकार गर्न सक्छन् ?**

सक्छन्। बसोबास गर्ने हलका कोठाहरूलाई सीमित पहुँच क्षेत्र मानिन्छ र संघीय कानून प्रवर्तन अधिकारीहरूले मान्य वारेन्ट, बस्ने व्यक्तिको स्वैच्छिक सहमति, वा जरुरी परिस्थितिहरू बिना कानूनी रूपमा पहुँच गर्न सक्दैनन्। विद्यार्थीले वारेन्ट नभएको कुनै पनि कानून प्रवर्तन अधिकारीलाई प्रवेश गर्ने अनुमति दिनु पर्दैन।

**के कानूनी मामिला कार्यालयले व्यक्तिगत कानूनी मामिलाहरूको लागि व्यक्तिहरूको प्रतिनिधित्व गर्न सक्छ ?**

सक्दैन। *OLA* ले विश्वविद्यालयको प्रतिनिधित्व गर्दछ, जसमा उनीहरूको आधिकारिक क्षमतामा काम गर्ने कर्मचारीहरू पनि समावेश छन्। *OLA* ले विश्वविद्यालयका अधिकारीहरूको रूपमा आफ्नो व्यवसायको दायरा बाहिर व्यक्तिगत कानूनी मामिलाहरूमा संकाय, कर्मचारी वा विद्यार्थीहरूको प्रतिनिधित्व गर्दैन। व्यक्तिगत कानूनी सहायताको आवश्यकता परेका व्यक्तिहरूले (608) 257-4666 वा (608) 257-3838 मार्फत *State Bar of Wisconsin* वकिल रेफरल तथा जानकारी सेवालाई सम्पर्क गर्न सक्छन्।

**गोपनीयताको थप जानकारी**

***UWPD* ले *Flock* सुरक्षाका क्यामेराहरू कसरी चलाउँछन् ?**

क्याम्पस समुदायलाई सुरक्षित राख्ने महत्त्वपूर्ण अभियानलाई समर्थन गर्न *UWPD* ले *Flock Safety* ले प्रदान गरेका सीमित सङ्ख्याका स्वचालित लाइसेन्स प्लेट पढ्ने क्यामेराहरू प्रयोग गर्दछ।

सन्देश (बालबच्चा हराउँदा पठाइने सन्देश), हिंसात्मक अपराध, चोरी भएका सवारीसाधन र हराएका व्यक्तिहरू जस्ता गम्भीर घटनाहरूमा संलग्न सवारीसाधनहरूलाई छिटो पहिचान गर्न *UWPD* लाई सहयोग गरेर अपराध रोकथाम र अनुसन्धानलाई समर्थन गर्न फोटो खिच्ने क्यामेराहरू बनाइएका हुन्। क्यामेराहरू सवारीसाधनको दातामा केन्द्रित छन्, व्यक्तिहरूमा छैनन्। यस प्रविधिले सीमित देखिने सार्वजनिक ठाउँहरूबाट लाइसेन्स प्लेटहरू र सवारीसाधनका विशेषताहरूको फोटो खिच्छ।

यसले चालक वा यात्रुहरूको बारेमा व्यक्तिगत पहिचान विवरणहरू सङ्कलन गर्दैन र यसले अनुहार पहिचान गर्ने प्रविधि चलाउँदैन।

**के *Flock* का चित्रहरूले मान्छेहरू ट्र्याक गर्नका लागि चलाइन्छ ?**

क्याम्पसमा व्यक्तिहरूको आवतजावत निगरानीमा राख्न वा ट्र्याक गर्न सङ्कलन गरिएका चित्रहरू चलाईंदैन र अनियमित वा निरन्तर निगरानीमा राख्न चलाईंदैन। चित्रहरू अध्यागमन प्रवर्तनको लागि सवारी साधनहरू ट्र्याक गर्न प्रयोग गरिँदैन, न त तिनीहरूमा अनुहार पहिचान मार्फत चालक वा सवारी साधनमा बस्नेहरूलाई पहिचान गर्ने क्षमता छ।

*UWPD* नीति अनुसार, प्रणालीमा आन्तरिक पहुँच अधिकृत *UWPD* कर्मचारीहरूका लागि मात्र सीमित छ। *UWPD* नीति र प्रक्रियाहरूको अनुपालन सुनिश्चित गर्न सबै पहुँच समेटिन्छ र अडिट गरिन्छ।

**के *UWPD* ले गाडिहरू रोक्दा वा विद्यार्थी, कर्मचारी, वा संकायसँगको अन्य प्रहरी अन्तरक्रियाबाट पाउने अध्यागमन डाटा संघीय अध्यागमन अधिकारीहरूसँग साझा गर्छ ?**

होइन। नियमित अन्तरक्रिया मार्फत सङ्कलन गरिएको जानकारी *UWPD* ले संघीय अधिकारीहरूसँग साझा गर्दैन।

**यदि कानून प्रवर्तन अधिकारीहरू वा संघीय वा अन्य एजेन्सीहरूले निजी विद्यार्थीहरूको जानकारी अनुरोध गरे भने के हुन्छ ? के विश्वविद्यालयले उनीहरूलाई त्यो जानकारी दिनेछ ?**

विश्वविद्यालयले कानूनले आवश्यक गराए मात्र विद्यार्थीहरूको अध्यागमन स्थितिको जानकारी प्रदान गर्दछ। यदि कुनै एजेन्टले निजी जानकारी प्रदान गर्न सोधे भने, तपाईंले "अनुरोध गरिएको जानकारी प्रदान गर्न म अधिकृत छुइन" भन्न सक्नुहुन्छ र कानूनी मामिला कार्यालयलाई सम्पर्क गर्न सक्नुहुन्छ।

**क्याम्पस स्रोतसाधनहरू**

*Universities of Wisconsin* मार्गदर्शनहरू: https://www.wisconsin.edu/government-relations/2025/04/08/communication-to-uw-campus-regarding-agents-visiting-facilities/

*UWPD* अध्यागमन अभ्यासहरू: https://uwpd.wisc.edu/data-policies-resources/uwpd-immigration-practices/

क्याम्पस सन्देश: संघीय अध्यागमन कार्यहरू प्रति २०२६ सालको वसन्त सेमेस्टरको मार्गदर्शन: https://news.wisc.edu/spring-2026-guidance-on-federal-immigration-actions/

*ISS*: अध्यागमन मुद्दाहरूका स्रोतसाधनहरू: https://iss.wisc.edu/resources-on-immigration-issues/

क्याम्पसमा राजनीतिक गतिविधि र जनवकालतका मार्गदर्शनहरू

https://free-expression.wisc.edu/policies-and-guidelines/political-activity-and-public-advocacy-on-campus-guidelines/

अभिव्यक्त गतिविधि गाइड

https://free-expression.wisc.edu/policies-and-guidelines/expressive-activity-guide/

संघीय सम्बन्धका कार्यालय: https://federalrelations.wisc.edu/

अन्तर्राष्ट्रिय संकाय तथा कर्मचारी सेवाहरू: https://ifss.wisc.edu/

अनुवादन: यदि कुनै सरकारी एजेन्ट तपाईंको *UW* कार्यस्थलमा आएमा के गर्ने मार्गदर्शन

स्रोतसाधनको गाइड यी भाषाहरूमा उपलब्ध छन्:

- 中文/Chinese
- English
- Hmoob/Hmong
- नेपाली /Nepali
- Español/Spanish
- བོད་ཡིག/Tibetan

**स्थानीय स्रोतसाधनहरू**

म्याडिसन शहरको आफ्नो अधिकारहरू जान्नुहोस्

https://www.cityofmadison.com/mayor/priorities/know-your-rights

म्याडिसन शहरको प्रहरी विभागको अध्यागमन सम्बन्धी स्थापित परिचालन विधि: https://www.cityofmadison.com/police/documents/sop/EnforcementofImmigrationLaws.pdf

**आफ्नो अधिकारहरू बुझ्ने**

- प्रदर्शन तथा सक्रियता: आफ्नो अधिकारहरू थाहा पाउनुहोस्
- आफ्नो अधिकारहरू जान्नुहोस् "रातो कार्ड" (विभिन्न भाषाहरूमा उपलब्ध)
- आफ्नो अधिकारहरू जान्नुहोस्: यदि *ICE* तपाईंको घरमा आए भने
- अमेरिकी नागरिक स्वतन्त्रता संघ
- अस्थायी कामदारहरूको अधिकार र संरक्षण (*U.S. Department of State* को *Wilberforce* पर्चा)